# हाम्रो बुद्धभूमि

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

कक्षा १-८

**बुद्धभूमि नगरपालिका**

कपिलवस्तु

हाम्रो बुद्धभूमि (आधारभूत तहको स्थानीय पाठ्यक्रम)

**प्रकाशक :** बुद्धभूमि नगरपालिका, कपिलवस्तु

**संस्करणः** पहिलो (२०७९)

**सर्वाधिकार :** बुद्धभूमि नगरपालिका

# हाम्रो भनाइ

विद्यार्थीहरु स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक भएकाले स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई बुझाउन बुद्धभूमि नगरपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो बुद्धभूमि कक्षा १-८, २०७९"** निर्माण गरी प्रकाशनसँगै नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

यस नगरपालिकामा विभिन्न महŒ्वपूर्ण शैक्षिक, धार्मिक, साँस्कृतिक केन्द्रहरु रहेको बहुजातीय, बहुभाषिक संस्कृति भएको, यस्तो पहिचानलाई औपचारिक विद्यालय शिक्षामा समावेश गरिएकाले यो पाठ्यक्रम महŒ्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महŒ्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र सम्बर्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्नसमेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महŒ्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने नगरपालिकाका शिक्षा शाखा, प्रधानाध्यापक, विषयगत शिक्षकहरु तथा सरोकारवालाहरु र पाठ्यक्रम लेखनमा खटनुहुने शिशिरप्रसाद अर्याल, टुकप्रसाद अधिकारी, मोहनप्रसाद गौतम, खगेश्वर खनाल तथा सम्पादनसहित ढाँचा निर्माणमा सहयोग पुऱ्याउनुहुने विशेषज्ञ डा. शालिकराम पौड्याललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी उपप्रमुखाज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षहरू, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भई गहन अध्ययन गरी सुझाव दिनुभएकोमा विषयविज्ञहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, यसमा कुनै कमीकमजोरी भएमा विज्ञ विद्वत्वर्गको सुझाव सहित आगामी दिनमा संशोधन गरिँदै लगिने छ । साथै यो पाठ्यक्रम यस नगरपालिकाका सम्पूर्ण विद्यालयहरुले प्रभावकारीरुपमा कार्यान्वयन गर्ने कुरामा म विश्वस्त छु ।

…………………

नगरप्रमुख

बुद्धभूमि नगरपालिका, कपिलवस्तु

# विषयसूची

## पहिलो खण्ड
## प्रारम्भिक


१. परिचय

२. स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६

३. औचित्य

४. उपलब्धि र लक्षित समूह

५. विषयवस्तु

६. निर्माण विधि एवम् प्रक्रिया


## दोस्रो खण्ड
## स्थानीय पाठ्यक्रम


१.परिचय

२. सक्षमता

३. विषयवस्तुको क्षेत्र र क्रम

५. विषयवस्तुको विस्तृतीकरण

६. सिकाइ सहजीकरण क्रियाकलाप

७. विद्यार्थी मूल्याङ्कन


## तेस्रो खण्ड
## कार्यान्वयन


१. समय निर्धारण

२.पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

३. पाठ्यक्रम परिमार्जन

४. अनुसूची

# पहिलो खण्ड

# प्रारम्भिक

## १. परिचय

नेपाल जाति, भाषा, भूगोल, वर्ण, लिङ्ग, धर्म, संस्कृति आदिका आधारमा विविधताले भरिएको राष्ट्र हो । यस्तै भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले सबैखाले विषयक्षेत्रलाई समेट्न सक्दैन । अर्थात् केन्द्रबाट निर्माण गरी कार्यान्वयन गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सकिरहेको हुँदैन । यसकारण स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट बनाएको विषय नै स्थानीय विषय हो । यसर्थ स्थानीय पाठ्यक्रम विकासका क्रममा जातीय विविधतायुक्त समुदाय, जाति, ठाउँ र वर्ग विशेषअनुसारका चाडपर्व, रीतिरिवाज, भूगोल, धार्मिक तथा सांस्कृतिक मूल्यमान्यता, भाषिक विविधता, स्थानीय पेसा, व्यापार र व्यवसायमा विविधता, सबै क्षेत्रको समानुपातिक विकास, सबै क्षेत्र, वर्ग र समुदायको आवश्यकता र मागलाई प्रमुख आधारका रूपमा लिन सहिन्छ ।

स्थानीय पाठ्यक्रम स्रोत सामग्री, २०६७ का अनुसार स्थानीय सरोकारवालाहरूको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी विकास र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले पनि गर्ने गर्दछन् । यो पाठ्यक्रमले स्थानीय सरोकारवालाको सहभागिता र सक्रियतामा पाठ्यक्रम निर्माण गरी स्थानीय आवश्यकतालाई परिपूर्ति गर्न सघाउ पुर्‍याउँछ । यसले सबै वर्ग, समुदाय, धर्म, संस्कृति, पेसा, व्यवसायलाई समेट्न र प्रवर्धन गर्न, ऐतिहासिक, धार्मिक महत्त्वका स्थानीय सम्पदाहरूको संरक्षण र संवर्धनका लागि सहयोग गर्न, कला संस्कृतिको उत्थान र विकास सक्रिय भूमिका खेल्न, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न तथा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरू समावेश गरी स्थानीय तहमा पठनपाठन गर्न सहयोग गर्छ ।

देश विकासका लागि सबै क्षेत्रको समान प्रतिनिधित्व हुन अत्यावश्यक छ । यसका लागि विकास कार्यका विभिन्न गतिविधिमा सबै नागरिकहरूको स्वामित्व र सहभागिता हुन आवश्यक हुन्छ । देश विकासका लागि शिक्षा अपरिहार्य तत्त्व हो । शिक्षाको सन्तुलित र समुचित विकासका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय परिवेश, रुचि र आवश्यकतालाई सम्बोधन गर्न जरुरी हुन्छ । स्थानीय तहका परिवेश, रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । केन्द्रले बनाएको पाठ्यक्रमभित्र पनि कतिपय स्थानीय विषयवस्तु समेटिएका छन् तर ती पर्याप्त नहुन सक्छन् । पाठ्यक्रम सुधार पद्धतिले पनि स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन्छ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप" ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको छ । यसैलाई आधार मानी आधारभूत शिक्षा कक्षा १-८ मा १०० पूर्णाङ्कको स्थानीय विषयको व्यवस्था गरिएको छ ।

## २. स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागु सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ ।

## ३. औचित्य

स्थानीय पाठ्यक्रम स्रोत सामग्री, २०६७ ले "विश्वव्यापी रूपमा सोच राखी स्थानीय रूपमा कार्यान्वयनमा ल्याऊ" (Think Globally Act Localy) भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको तथ्यलाई जोड दिएको छ । गुणस्तरीय शिक्षाको महत्त्वपूर्ण आयामका रूपमा पाठ्यक्रमका विषयवस्तुलाई सान्दर्भिक गराउनुपर्छ जुन कार्यका लागि स्थानीय पाठ्यक्रम प्रभावकारी मानिन्छ । यसर्थ विभिन्न स्थानीय, सांस्कृतिक, सामाजिक सन्दर्भअनुसार स्थानीय पाठ्यक्रम निर्माणको कार्यलाई प्रोत्साहन गर्नुपर्छ । यसले शैक्षिक विकेन्द्रीकरणलाई प्रवर्धन (Promote) गर्दछ र यो विकेन्द्रीकरणको महत्त्वपूर्ण प्रक्रिया पनि हो । तर स्थानीय पाठ्यक्रम कार्यान्वयनको सवालमा धेरै बाधा व्यवधानहरू आइपर्ने र तिनको समाधानका लागि प्राविधिक, विशेषज्ञ, शिक्षाविद्, शिक्षक, शैक्षिक सामग्री आदिको समुचित प्रयोग र परिचालन आवश्यक हुन्छ ।

स्थानीय पाठ्यक्रम विकासका केही मान्यताहरू रहेका छन् । ती मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने हुन्छन्, जुन निम्नानुसारका छन् :

१. स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने,

२. पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने,

३. पाठ्यक्रमप्रति जनताको अपनत्व (ownership) बढ्ने,

४. पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने,

५. विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने,

६. न्यून मूल्यका स्थानीय सामग्रीको (Low cost, No cost materials) को प्रयोग हुने,

७. सरोकारवालाको सक्रिय सहभागिता रहने ।

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान पाउँछन् । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्यमान्यताअनुरूप बनाउँछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको (Sharing Culture)को विकास गराउँछ । त्यस्तै यिनले सक्रिय सहभागिताको अपेक्षा गर्दछ र निर्णय प्रक्रियामा सबै पक्षको अर्थपूर्ण सहभागिता (Meaningful Participation) गराउँछ ।

स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुका साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुऱ्याउँछ ।

पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा स्थानीय सरोकारवालाको पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा सक्रिय सहभागिता अभिवृद्धि गर्दछ ।

उल्लिखित व्यवस्थाको कार्यान्वयनलाई सहजता प्रदान गर्न नगरपालिकाका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउन, एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन तथा उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्न र स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न यस पाठ्यक्रमले मार्गदर्शन गर्ने छ । स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउने र स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्ने तथा विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न यो पाठ्यक्रम एक माध्यम बन्ने छ । स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर र प्रवर्धन गरी स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारोन्मुख नागरिक तयार गर्नु बुद्धभूमि नगरपालिकाले तयार गरेको यस पाठ्यक्रमको उद्देश्य रहेको छ ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकोले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले स्थानीय तहले स्थानीय पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

(क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

(ज) सभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग गर्न ।

## ४. उपलब्धि र लक्षित समूह

स्थानीय विषयको पाठ्यक्रमसँगै सम्बन्धित विद्यालयहरूमा स्थानीय विषयवस्तुहरू समेटिएका आवश्यक पाठ्य तथा सन्दर्भ सामग्रीहरू तयार हुन्छन् ।शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू खोजी गर्ने र आवश्यक सामग्री जुटाउन समय र स्रोतसाधनको वचत हुने छ ।विद्यार्थीहरूलाई आफू र आफ्नो स्थानीय टोल वा बस्तीमासहर, स्रोतसाधन, भौगोलिक अवस्था, सम्पदा, मौलिक विशेषता, रहनसहन, वेषभूषा, पेसालगायतका बारेमा जान्नै पर्ने विषयवस्तुहरूका बारेमा जानकारी उपलब्ध हुने छ । स्थानीय शैक्षिक आवश्यकताका मुद्दाहरूको सम्बोधन हुने छ ।देशको शिक्षा नीति र मूल पाठ्यक्रमबमोजिम शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्न गराउन मदत पुग्ने छ । समग्रमा स्थानीय तबरले काम गर्दै वैश्विक सोचाइ बनाउन सहयोग गर्ने छ । यसका पहिलो लक्षित समूह कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरू तथा कार्यान्वयन गर्ने शिक्षकहरू हुने छन् । दोस्रो लक्षित समूह स्थानीय सरोकारवाला र विभिन्न तह र क्षेत्रका स्रोतव्यक्तिहरू हुने छन् ।

## ५. विषयवस्तु

स्थानीय पाठ्यक्रम विद्यालयमा राष्ट्रिय पाठ्यक्रमलाई जीवनमा ल्याउने तरिका हो । स्थानीय पाठ्यक्रमको केन्द्रविन्दु सबै विद्यार्थीहरूका लागि सिकाइ सुधार गर्नु नै हो । यसका लागि विद्यार्थी र उनीहरूको परिवारको आवश्यकता, पहिचान, भाषा, संस्कृति, रुचि, शक्ति र आकाङ्क्षाप्रति उत्तरदायी सुनिश्चित हुन आवश्यक छ । यसले वास्तविक जीवनका सिकाइलाई कक्षाकोठाको सिकाइमा एकीकृत गर्न जरुरी छ । यसले विद्यार्थीहरूलाई ज्ञान, मूल्य र दक्षताहरूसँग संलग्न हुन मदत गर्दछ । यसर्थ यस पाठ्यक्रमले बुद्धभूमि नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले बुद्धभूमि नगरपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रविन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटेको छ :

## ६. निर्माण विधि एवम् प्रक्रिया

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रक्रियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथम स्थानीय शिक्षकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू र अन्य क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायतका स्थानीय सरोकारवालाहरू छनोट गरी उनीहरूसँग अन्तर्क्रिया गरिएको थियो । यस क्रममा स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

त्यसैगरी दोस्रो चरणमा प्राप्त भएका सुझावहरूलाई समावेश गरी स्थानीय पाठ्यक्रमको खाकामा मस्यौदा लेखन कार्य भएको थियो भने तेस्रो चरणमा सो मस्यौदामा सुझाव सङ्कलनका गर्न केही स्थानीय विद्यालयहरू, पाठ्यक्रमसम्बन्धी विज्ञहरू र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएको थियो ।

**प्राप्त सुझावहरूलाई समावेश गरी** पाठ्यक्रमको अन्तिम मस्यौदा लेखन सम्पन्न गरी नगरपालिकाबाट अनुमोदन गर्नका लागि पेस गरिएको थियो । यसरी पेस भएको मस्यौदालाई नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेपश्चात यो पाठ्यक्रम प्रकाशनमा ल्याइएको हो ।

**दोस्रो खण्ड**

**स्थानीय पाठ्यक्रम**

# हाम्रो बुद्धभूमि

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

(कक्षा १-८)

## १. परिचय

विद्यालय शिक्षालाई समयसापेक्ष जीवनोपयोगी, जनोपयोगी र व्यावहारिक बनाउन अपरिहार्य हुन्छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउन सकेमा सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ । नेपालको संविधान (२०७२) ले प्रत्येक नागरिकलाई रोजगारी र उचित श्रम अभ्यासको हक कायम गरेको छ । यसर्थ शिक्षा समसामयिक सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रणालीको प्रतिविम्बन हो । यसलाई स्थानीय पाठ्यक्रम विशिष्टीकृत रूपमा सम्बोधन गर्न सक्दछ । अतः पाठ्यक्रमको विकास गर्दा सिकारु, समाज, राष्ट्र एवम् विश्व परिवेशसमेतको आधारमा गरिनुपर्छ भन्ने मान्यता स्थापित हुन पुगेको हो । यस प्रकारको सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई हाम्रो बुद्धभूमि विषयको स्थानीय पाठ्यक्रममार्फत समावेश गरी कार्यान्वयनमा लगिएको हो ।

निर्दिष्ट विषयवस्तुलाई व्यावहारिक जीवनसँग सामञ्जस्य गरेर सिकारुलाई सक्रिय सहभागी गराएर सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुपर्छ । यस कार्यमा सकेसम्म स्थानीय शैक्षिक सामग्री प्रयोग गर्नुपर्छ । साथै स्थानीय परिवेश, विषयवस्तुको प्रकृति आदिका आधारमा विभिन्न सिकाइ (शिक्षण) विधि प्रयोग गर्नुपर्छ । विषयवस्तुसँग सम्बन्धित गराएर स्थानीयस्तरमा अध्ययन भ्रमण वा प्रत्यक्ष अवलोकन गराउन सकेमा सिकाइ दिगो, व्यावहारिक एवम् प्रभावकारी हुन्छ । सिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार प्रदर्शन, छलफल, प्रश्नोत्तर, भूमिका अभिनय, प्रयोगात्मक क्रियाकलाप, अवलोकन भ्रमण, खोज, परियोजना कार्य, समस्या समाधान आदि विधि वा कार्य सञ्चालन गर्नु सान्दर्भिक देखिन्छ जसलाई हाम्रो बुद्धभूमि विषयको स्थानीय पाठ्यक्रमले मुख्य सैद्धान्तिक आधार बनाएको हो । यसर्थ यस पाठ्यक्रम विकास तथा कार्यान्वयनपछि पाठ्यक्रम विकेन्द्रीकरण तथा स्थानीयकरणका साथै विद्यालय पाठ्यक्रममा आएका नयाँ आयाम तथा दृष्टिकोणसँग जानकार भई र त्यसको कार्यक्षेत्रमा उपयोग गर्ने तथा आफ्नो कार्यशैलीलाई थप सम्मृद्ध गर्ने उद्देश्य राखिएको छ । यसको पूर्तिका लागि कपिलवस्तु जिल्लामा अवस्थित ऐतिहासिक र रमणीय बुद्धभूमिको नामबाट नगरपालिकाको नाम रहन गएको इतिहासका साथै नगरपालिकाभित्रका मुख्यतया कृषि, जलस्रोत, पर्यटनलगायतका साथै प्राकृतिक स्रोतसाधन, स्थानीय कला, संस्कृति तथा पेसालगायतका पाठ्यविषयक्षेत्रलाई समेटिएको छ । उक्त पाठ्यविषयक्षेत्रमा आधारित भई स्थानीय पाठ्यक्रमका रूपमा यो पाठ्यक्रम विकास गरिएको हो ।

बुद्धभूमि नगरपालिकासँग सम्बन्धित थुप्रै ऐतिहासिक घटना, स्थल, प्रसिद्ध व्यक्तित्वलगायतका बारेमा प्रमाण रहेका छन् । कला, संस्कार र संस्कृतिका लागि आफ्नै विशेष पहिचान बोकेको यस नगरपालिकाका बारेमा जानकारी हासिल गर्दै सदुपयोग, संरक्षण, निरन्तरता र विस्तार गर्नु नै स्थानीय

स्तरका आवश्यकता एवम् चाहना पनि हो । यसर्थ बुद्धभूमि नगरपालिकाभित्र टोल वा सहर, मानव बस्ती, सामाजिक तथा सामुदायिक कार्य, वातावरण र जैविक विविधता, कला, चाडपर्व, विशेष कार्य, पहिरन, खाद्यपरिकार, स्थानीय पेसा, सिप र बजारलगायतका सम्बन्धित पक्षसँग परिचित गराउँदै आफ्नो आदर्श, गौरव, अनुकरणीय परम्परा तथा मूल्यमान्यताको अनुकरण, संरक्षण र विस्तार गर्ने उद्देश्यका साथ कक्षा १ देखि ८ सम्मका लागि पाठ्यक्रम तर्जुमा गरिएको छ । यस क्रममा विद्यार्थीको रुचि, स्तर, आवश्यकता तथा सान्दर्भिकतालाई समेत ख्याल गरिएको छ । स्थानीय पाठ्यक्रम प्रारूप, २०७१; गतविगतका स्थानीय पाठ्यक्रमसम्बन्धी अभ्यास तथा नीतिगत व्यवस्था, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ एवम् स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ बमोजिम विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ८) मा स्थानीय विषयको यो पाठ्यक्रम विकास गरिएको हो । यसबाट स्थानीय प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान, सिप, स्रोत र सम्पदाको संरक्षण गर्न एवम् त्यस्तो स्रोत र सिप भावी पुस्तालाई हस्तान्तरण गर्नका लागि बुद्धभूमि नगरपालिका सफल हुने लक्ष्य राखिएको छ ।

स्थानीय पाठ्यक्रममो निर्माण तथा कार्यान्वयनलाई पाठ्यक्रमको स्थानीयकरणको एक प्रभावकारी अभ्यास मानिन्छ । पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समुचित रूपमा समावेश तथा सम्बोधन गर्न सकिन्छ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यताअनुरूप बनाउन सहयोग गर्छ । अतः यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. सक्षमता

**आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यवस्तुको अध्ययन पूरा गरेपछि बालबालिकामा देहायका सक्षमता विकास हुने अपेक्षा गरिएको छ :**

१. बुद्धभूमि नगरपालिकाको भौगोलिक तथा सांस्कृतिक परिचय बोध गर्न
२. बुद्धभूमि नगरपालिकाभित्रको स्थानीय प्राकृतिक स्रोतसाधन र ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण सहयोग र समुचित उपयोग
३. बुद्धभूमि नगरपालिकामा प्रचलित संस्कार, कला तथा लोक संस्कृति एवम् विशेष कार्यको बोध गरी आवश्यकतानुसार सहभागिता
४. मौलिक खाद्यपरिकार, पहिरन र संस्कारलाई बढावा र प्रचारप्रसार
५. बुद्धभूमि नगरपालिकाका स्थानीय उत्पादनमा सहभागिता तथा त्यसका व्यावसायिक प्रयोगका लागि बजारका बारेमा जानकारी सङ्कलन र प्रस्तुति
६. बुद्धभूमि नगरपालिकामा गरिने पेसागत कार्य तथा पर्यटनबाट हुने आयआर्जनको बोध र विश्लेषण
७. स्थानीय सम्पदा, पर्यटकीय स्थल र कला संस्कृति संरक्षण तथा संवर्धनमा सहयोग
८. असल व्यवहार र संस्कारको विकासमा सहयोग

## ३. विषयवस्तु क्षेत्र र क्रम

**कक्षा १३-**

| क्र.सं. | क्षेत्र | विषयवस्तु कक्षा १ | विषयवस्तु कक्षा २ | विषयवस्तु कक्षा ३ |
|---|---|---|---|---|
| १ | म र मेरो बुद्धभूमि | ● म र मेरो परिवार<br>● मेरो छिमेक र मेरो विद्यालय | ● हाम्रो वडा<br>● हाम्रो नगरपालिका | ● हाम्रो वडा<br>● हाम्रो नगरपालिका |
| २ | हाम्रो संस्कार र संस्कृति | ● हाम्रो संस्कार | ● हाम्रो संस्कृति | ● हाम्रो संस्कृति |
| ३ | हाम्रो नैतिक मूल्य मान्यता र , सदाचार | ●आपसी सहयोग र सम्बन्ध<br>●स्वव्यवस्थापन सिप | ●आदरसत्कार र शिष्टाचार ,<br>●अनुशासन | ● सामाजिक सद्भाव<br>● सहयोगात्मक र सहकार्यात्मक |
| ४ | वातावरण संरक्षण र विपद् व्यवस्थापन | ●सुरक्षित जीवन | ●सुरक्षित जीवन | ● सुरक्षित जीवन |
| ५ | स्वास्थ्य पोषण सरसफाइ र खेलकुद | ●स्वास्थ्य र सरसफाइ<br>●स्थानीय खेलहरू पहिचान | ● स्वास्थ्य र सरसफाइ<br>● स्थानीय खेलहरू पहिचान | ● स्वास्थ्य र सरसफाइ<br>● स्थानीय खेलहरू पहिचान |
| ६ | पेसा व्यवसाय , पर्यटन आयआर्जन र प्रविधि | ●स्थानीय पेसा र बालीनालीहरु<br>●स्थानीय पर्यटकीय स्थलहरू<br>●स्थानीय बजार | ● स्थानीय पेसा र बालीनालीहरु<br>● स्थानीय पर्यटकीय स्थलहरू<br>● स्थानीय बजार | ● स्थानीय पेसा र बालीनालीहरु<br>● स्थानीय पर्यटकीय स्थलहरू<br>● स्थानीय हाटबजार |
| ७ | मेरो भविष्य | ● मेरो परिचय<br>● म र मेरो बानी | ● असल बानीहरूको<br>● जीवनको मेरो लक्ष्य | ● असल बानी र मेलमिलाप<br>● दैनिक कामकाज |

# विषयवस्तु क्रम र क्षेत्र

कक्षा ४-८

| क्र.सं. | क्षेत्र | विषयवस्तु कक्षा ४ | विषयवस्तु कक्षा ५ | विषयवस्तु कक्षा ६ | विषयवस्तु कक्षा ७ | विषयवस्तु कक्षा ८ |
|---|---|---|---|---|---|---|
| १ | म र मेरो बुद्धभूमि | • हाम्रो नगरपालिका | • हाम्रो नगरपालिका | • हाम्रो नगरपालिका | • हाम्रो नगरपालिका | • हाम्रो नगरपालिका |
| २ | हाम्रो संस्कार र संस्कृति | • हाम्रा चाडपर्व<br>• हाम्रा संस्कारहरु<br>• हाम्रो लोक बाजा र लोकनृत्य | • हाम्रा चाडपर्वहरु<br>• हाम्रो संस्कार<br>• हाम्रो लोकबाजा र लोकनृत्य | • हाम्रो संस्कार<br>• प्रमुख धार्मिक स्थल र मेलाजात्रा<br>• हाम्रो लोक बाजा र लोकनृत्य | • हाम्रो संस्कार<br>• प्रमुख धार्मिक स्थल र मेलाजात्रा<br>• हाम्रो लोक बाजा र लोकनृत्य | • हाम्रा परम्परागत साङ्गठनिक संस्कार<br>• प्राकृतिकसांस्कृतिक सम्पदाहरु ,धार्मिक ,<br>• स्थानीय असल व्यक्तिहरुको जीवनी<br>• हाम्रा सामाजिक समस्या र समाधानका |
| ३ | हाम्रो नैतिक मूल्य , मान्यता र सदाचार | •असल व्यक्तित्व<br>•पारस्परिक सहयोग | •असल व्यक्तित्व<br>•सहकारी संस्थाहरूको<br>•परिचय | • सामाजिक सञ्जाल र सञ्चार<br>• आत्मसन्तुष्टि र सामाजिक जिम्मेवारी | • सामाजिक सञ्जालको महत्त्व<br>• स्वमूल्याङ्ना र आत्मसन्तुष्टि<br>• असल नागरिक र सामाजिक जिम्मेवारी | • सामाजिक सञ्जालको प्रभाव<br>• नागरिकको कर्तव्य र जवाफदेहिता<br>• आत्मविश्वास र जीवनको लक्ष्य |
| ४ | वातावरण संरक्षण र विपद् व्यवस्थापन | • प्राकृतिक तथा मानवीय विपद्<br>• प्राकृतिक तथा जैबिक बिविधता<br>• हरित विद्यालय<br>• जलस्रोत र वातावरण प्रदूषण | • प्राकृतिक तथा मानवीय विपद्<br>• प्राकृतिक तथा जैबिक विविधता<br>• हरित विद्यालय<br>• वातावरण व्यवस्थापन | • विपद् व्यवस्थापन<br>• प्राकृतिक स्रोत र साधन<br>• हरित विद्यालय<br>• दिगो विकास | • विपद व्यवस्थापन<br>• प्राकृतिक स्रोत र साधन<br>• हरित विद्यालय<br>• दिगो विकास | • विपद् व्यवस्थापन<br>• सडक सुरक्षा<br>• हरित विद्यालय<br>• वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ५ | स्वास्थ्य पोषण सरसफाइ र खेलकुद | ●सन्तुलित भोजन<br>●कक्षाकोठाको सरसफाइ<br>●योग | ● सन्तुलित भोजन<br>● योग<br>● जडीबुटी | ● वातावरणको सरसफाइ<br>● स्थानीय खेलकुद<br>● प्राकृतिक चिकित्सा<br>● स्थानीय जडीबुटी | ● वातावरणको सरसफाइ<br>● स्थानीय खेलकुद<br>● प्राकृतिक चिकित्सा<br>● स्थानीय जडीबुटी | ● वातावरणको सरसफाइ<br>● स्थानीय खेलकुद<br>● प्राकृतिक चिकित्सा<br>● स्थानीय जडीबुटी |
| ६ | पेसा व्यवसाय , पर्यटन आयआर्जन र प्रविधि | ● स्थानीय पेसा व्यवसाय<br>● स्थानीय परम्परागत प्रविधि<br>● कृषि र बजारीकरण | ● हाम्रा पर्यटकीय स्थलहरू<br>● स्थानीय प्रमुख कृषि उत्पादन<br>● स्थानीय व्यापारिक केन्द्रहरू | ● पर्यटकीय स्थल र पर्यटन व्यवसायको सम्भावना<br>● पशुपालनको परिचय र महत्त्व<br>● स्थानीय परम्परागत प्रविधि<br>● | ● नगरभित्रका पर्यटकीय स्थलहरू<br>● स्थानीय कृषि उत्पादन, बिउ बिजन र भण्डारण<br>● स्थानीय परम्परागत प्रविधिको परिचय | ● परम्परागत प्रविधि र पेसा व्यवसाय<br>● पयर्टन व्यवसाय<br>● कृषिको आधुनिकीकरण |
| ७ | मेरो भविष्य | ● असल बानी र सहयोग<br>● साप्ताहिक कामकाज कार्यतालिका | ● असल बानी र मितव्ययिता<br>● असल सस्कार | ● पारिवारिक आम्दानी तथा खर्च<br>● सहयोग र आत्मजागरण | ● लक्ष्य निर्धारण<br>● अन्तरव्यक्ति सम्बन्ध<br>● संवेगको व्यवस्थापन<br>● प्रभावकारी सञ्चारका | ● समालोचनात्मक चिन्तन<br>● सिर्जनात्मक सोचाइ सिप<br>● समस्या समाधान सिप<br>● जीवनवृत्ति विकास योजना तर्जुमा<br>● सामाजिक सवालको परिचय |

# ५. विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| म र मेरो बुद्धभूमि | आफू र आफ्नो ,गाउँ, टोल र वडाको सामान्य परिचय दिन। | ● आफू र आफ्नो परिवारको परिचय दिन।<br>● आफू बसेको गाउँटोलको नाम भन्न<br>● आफ्नो छिमेकी गाउँटोलको नाम भन्न<br>● आफू पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम भन्न | ● म र मेरो परिवार<br>● मेरो छिमेक र मेरो विद्यालय | ● आफू र आफ्नो परिवारको परिचय।<br>● आफ्नो परिवार तथा आफू बसेको गाउँटोलको नाम<br>● आफ्नो गाउँटोलको वरिपरिको गाउँटोलको नाम<br>● आफ्ना गाउँ वरपर रहेको नदी, खोला र बाटाको नाम<br>● आफू पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम | ● बालबालिकालाई आफ्नो नाम र परिवारका सदस्यको नाम भन्न लगाउने।<br>● बालबालिकालाई आफू बसोबास गरेको गाउँ वा टोलको नाम भन्न लगाउने<br>● विद्यार्थीहरूलाई आफू बसोबास गर्ने स्थान वरपरका नदीनाला, खोला, झरन, बाटाघाटा के के छन् ? भन्न लगाउने, छलफल गराउने र चित्र, चार्ट, नक्सा, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी तिनको जानकारी गराउने<br>● साथीको गाउँ चिन्ने खेल खेलाउने<br>● नजिकको गाउँ वा टोलको अवलोकन गराउने<br>● बालबालिकालाई आफ्नो गाउँ टोलको वरपरको नाम जान्ने परियोजना कार्य दिने<br>● आफू पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम भन्न लगाउने | ● बालबालिकालाई आफ्नो र परिवारका सदस्यको नाम भन्न लगाउने।<br>● आफू बसोबास गरेको गाउँटोलको नाम भन्न लगाउने।<br>● आफ्नो बसोबास वरपर भएका नदीनाला, खोलाहरू, बाटाघाटाको नाम सोध्ने।<br>● आफूले पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम सोध्ने। | ३५ |
| हाम्रो संस्कार र संस्कृति | स्थानीय परिकार , जाति , पोसाक, चाडपर्व , बाजा र भाषाको पहिचान | ● आफू र आफ्नो परिवारमा बोलिने मातृभाषा पहिचान गर्न<br>● आफ्नो गाउँटोलमा भएका जातिहरुको नाम भन्न<br>● घरमा बनाइने खानाका परिकारहरुको नाम भन्न | ● हाम्रो संस्कार | ● आफू र आफ्नो परिवारमा बोलिने मातृभाषा पहिचान<br>● आफ्नो गाउँटोलमा भएका जातिहरुको नाम<br>● घरमा बनाइने खानाका परिकारहरु | ● प्रत्येक बालबालिकालाई आफ्नो मातृभाषा बोल्न लगाउने र बोलेको भाषामा फरक छुट्याउने र तुलना गर्न लगाउने<br>● भाषा फरक भएका बालबालिकाहरुको समूह बनाउने र एकअर्काको भाषाको अनुकरण गर्न लगाउने<br>● आफ्नो गाउँटोलमा बस्ने जातिहरुको नाम पहिचान गर्न लगाउने<br>● जातजातिको चित्र पोष्टर साथै श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जातिय पहिचान छुट्याउने | ● प्रत्येक वालबालिकालाई आफ्नो मातृभाषा बोल्न लगाएर<br>● बोलेको भाषामा फरक छुट्याउन र तुलना गर्न लगाएर<br>● भाषा फरक भएका बालबालिकाहरुको समूह बनाएर एकअर्काको भाषाको अनुकरण गराएर।<br>● आफ्नो गाउँटोलमा बस्ने जातजातिको नाम भन्न लगाएर<br>● विभिन्न जातजातिको चित्र पोष्टर देखाइ पहिचान गर्न लगाउने | २५ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● घरमा बनाइने खानाका परिकारहरुका नाम भन्न लगाउने ।<br>● चित्र श्रव्यदृश्य देखाएर खानाको नाम भन्न लगाउने । | ● घरमा बनाइने खानाका परिकारहरुका नामहरु भन्न लगाएर । | |
| हाम्रो नैतिक मूल्य मान्यता र , सदाचार | आदर सत्कार र शिष्टाचारसँग परिचित हुन | ●समूहमा मिलेर बस्न<br>●साथी र घरपरिवारका सदस्यहरुलाइ सामान्य सहयोग गर्न<br>●स्वव्यवस्थापन सिपको विकास गर्न<br>●साथी र शिक्षकहरुसँग घुलमिल हुन | ●आपसी सहयोग र सम्बन्ध<br>●स्वव्यवस्थापन सिप | ●नचिनेका साथीहरुसँग चिनजान गर्न, नमस्कार गर्न<br>●र समूहमा मिलेर बस्न ।<br>●विद्यार्थीहरु बिच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय ।<br>●साथी र घर परिवारका सदस्यहरुलाइ सामान्य सहयोग ।<br>●आफुभन्दा ठूला मानिस र साथीहरुसँग बोल्दा तपाई, हजुर जस्ता आदरार्थी शब्दहरु प्रयोग ।<br>●कापी कलम, झोलाको हिफाजत गर्ने जस्ता स्वव्यवस्थापन ।<br>●साथी र शिक्षकहरुसँग घुलमिल | ● समूहमा मिलेर गर्ने खालका कार्य दिने र यसरी समूहमा मिलेर कार्य गर्दा के के फाइदा हुन्छ भन्ने बारेमा छलफल गराउने ।<br>● साथीहरु र परिवारका सदस्यहरुलाई सकेको कार्यमा मदत गराउने<br>● उनीहरूलाई साथी र घरका ठुलाबडालाई गर्ने सहयोगका बारेमा पालैपालो भन्न लगाउने ।<br>● साथी तथा घरपरिवारका सदस्यलाई सहयोग गर्ने सम्बन्धी छोटा कथाहरू सुनाउने<br>● उनीहरूले दैनिकरूपमा गर्ने काम उठेर पालैपालो भन्न लगाउने ।<br>● कक्षाकोठामा उनीहरूको सामान मिलाएर राख्न लगाउने .<br>● सामानको महत्त्व र हिफाजतको नियमका बारेमा छलफल गराउने.<br>● शरीरको सफाइ गर्ने, घर आँगन सफा गर्ने, कक्षाकोठा सफा गर्ने, कापी कलम, झोलाको हिफाजत गर्ने जस्ता स्वव्यवस्थापन गर्ने कार्यको जानकारी गराई अभ्यास गर्न लगाउने<br>● साथी र शिक्षकहरुसँग सकारात्मक सम्बन्धको विकास गर्न बिभिन्न खेलहरु खेलाउने । | ● समूहमा मिलेर काम गरेको अवलोकन गरेर .<br>● विद्यार्थीले साथीलाई घरपरिवारका सदस्यलाई सकेको कार्यमा मद्दत गरेको अवलोकन / प्रश्नोत्तर गरेर .<br>● दैनिक रूपमा गर्ने कार्यहरू गरे नगरेको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर .<br>● शरीरको सफाइ गर्ने, घर आँगन सफा गर्ने, कक्षाकोठा सफा गर्ने, कापी कलम, झोलाको हिफाजत गर्ने जस्ता स्वव्यवस्थापन गर्ने कार्यहरूको गरे नगरेको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर ।<br>● आदरार्थी शब्दहरु प्रयोग गरी आफ्नो साथीको र शिक्षकको नाम भन्न लगाउने ।<br>●  शिक्षकको निर्देशनमा समूहगत खेल खेल्न लगाउने । | २० |
| वातावरण संरक्षण र विपद् व्यवस्थापन | विपद्को पहिचान सुरक्षा उपायको पालना गर्न | ●विद्यालयमा हुन सक्ने दुर्घटनाको पहिचान तथा सावधानी अपनाउन<br>●घरमा हुनसक्ने दुर्घटनाको अवस्थाको पहिचान गर्ने<br>●सडक दुर्घटनाको अवस्था पहिचान गर्न । | ●सुरक्षित जीवन | ●विद्यालयमा हुन सक्ने दुर्घटनाको पहिचान तथा सावधानी अपनाउन ।<br>●घरमा हुनसक्ने दुर्घटनाको अवस्थाको पहिचान र साबधानी अपनाउन ।<br>●सडक, चालक तथा पैदल यात्रुका कारण हुने विभिन्न दुर्घटनाहरु पहिचान ।<br>●नजिकको सडकको अवलोकन गराई वा | ● विद्यालयमा घट्नसक्ने दुर्घटना नामहरुका सोध्ने र कसरी सुरक्षित हुने तरिका चार्ट र चित्र देखउने ।<br>● सुरक्षित विद्यालयका फाइदाहरू ।<br>● सुरक्षित विद्यालयको परिचय ।<br>● विद्यार्थीहरुलाई विद्यालय नजिकैको बाढीको | ● फोटोहरु देखाई दुर्घटनाका नामहरु भन्न लगाउने ।<br>● दुर्घटनाका नाम सम्बन्धित फोटोहरुसित जोडा मिलाउन लगाउने ।<br>● आफ्नो घर टोलको वरिपरि भएका दुर्घटनाको सूची बनाउन लगाउने ।<br>● सडक पार गर्दा ध्यान दिनुपर्ने । | २० |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | फोटोहरुमार्फत जेब्रा क्रसिङ तथा सडक सुरक्षाबारे बताउने।<br>● | अवलोकन गराउने।<br>● बिधालयमा घट्न सक्ने दुर्घटना सम्बन्धी भिडियो देखाउने।<br>घरमा हुनसक्ने दुर्घटनाको नामहरुका नाम सोध्ने र कसरी सुरक्षित हुने तरिका चार्ट र चित्र देखउने।<br>● नजिकको सडकको अवलोकन गराई कच्ची सडक र पक्की सडकका चित्र, पोष्टर, भिडियो देखाई धारणा प्रस्ट पार्ने तथा सडक सुरक्षाबारे बताउने। | ● सडक दुर्घटना भएका फोटोहरु देखाई दुर्घटनाका नामहरु भन्न लगाउने। | |
| स्वास्थ्य, पोषण, सरसफाइ र खेलकुद | व्यक्तिगत सरसफाइ पोषण र स्थानीय खेलसँग परिचित | ●शरीरका अङ्गको सरसफाइ गर्न<br>●व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न<br>● सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन<br>●आफ्नो स्वास्थ्य स्वयम् सेविकाको नाम भन्न<br>● आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण भन्न र सरसफाइमा सहभागी हुन<br>● स्थानीय खेलहरू पहिचान गर्न र खेल्ने अभ्यास गर्न<br>●आफ्नो व्यक्तिगत सरसफाइका लागि चाहिने सामग्रीको नाम भन्न | ●स्वास्थ्य र सरसफाइ<br>●स्थानीय खेलहरू पहिचान | ●शरीरका अङ्गको सरसफाइ<br>●व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम<br>●सरसफाइ गर्नुपर्ने स्थान आँगन ,घर), बाटोघाटो, कक्षाकोठा, खेलकुद मैदान, शौचालय, धारा आदि(<br>●आफ्नो गाउँटोलको स्वास्थ्य स्वयम् सेविकाको नाम र चिनारी<br>● आफ्नो र घरको सरसफाइ गर्नुपर्ने कारण र सरसफाइमा सहभागी<br>● स्थानीय खेलहरू भाँडाकुटीपिङ आ ,दिको पहिचान र खेल्ने अभ्यास | ● सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने र किन सरसफाइ गर्नुपर्छ ? छलफल गराउने शरीरका अङ्गको सरसफाइ गर्ने तरिका भन्ने र ती अङ्गमध्ये विद्यालयमा सरसफाइ गर्न सकिने अङ्गको सरसफाइ गर्ने अभ्यास गराउने<br>● बालबालिका सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>● सरसफाइ गर्दा चाहिने सामग्री पहिचान गर्न लगाउने र सामग्रीको प्रदर्शन गरी प्रयोग गर्ने तरिका सिकाउने<br>● सरसफाइ गर्नुपर्ने स्थान पहिचान गर्न लगाउने<br>● घर वरपर, बाटोघाटो, कुवा, धारा, कक्षाकोठा, खेलकुद मैदान, शौचालय आदिको सरसफाइ गर्ने तरिकामा छलफल गराउने र सरसफाइ कार्यमा सहभागी गराउने<br>● आफ्नो गाउँटोलको स्वास्थ्य स्वयंसेविकाको चिनारी गराउनको लागि स्वास्थ्य स्वयंसेविकालाई आमन्त्रण गरी परिचय गराउने र उनले गर्ने कार्यको जानकारी गराउन लगाउने<br>● कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने र स्वस्थ रहन, स्वस्थ वातावरण बनाउन र रोग लाग्नबाट बच्न सरसफाइ गर्नुपर्ने कुराको जानकारी गराउने<br>● नियमितरूपमा घर, कक्षाकोठा र विद्यालय सरसफाइ गर्नुपर्ने कुरा भन्न र सरसफाइमा सहभागी | ● शरीरको सरसफाइको अवलोकन गरेर।<br>● शरीरका अङ्गहरूको सरसफाइ गर्ने तरिका भन्न लगाएर।<br>● सरसफाइ गर्दा चाहिने सामग्री भन्न लगाइ ती सामग्रीको प्रयोगको अवलोकन गरेर।<br>● सरसफाइ गर्नुपर्ने स्थानहरू पहिचान गर्न लगाएर।<br>● घरवरपर, बाटोघाटो, कुवा, धारा, कक्षाकोठा, खेलकुद मैदान, शौचालय आदिको सरसफाइमा सहभागी भए नभएको अवलोकन गरेर ।<br>● आफ्नो गाउँटोलको स्वास्थ्य स्वयंसेविकाको नाम सोधेर।<br>● कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारण भन्न लगाएर।<br>● स्थानीय स्तरमा खेलिने खेलको नाम भन्न लगाएर तथा खेलेको अवलोकन गरेर। | २० |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | गराउने<br>● विद्यार्थीहरूले खेल्ने स्थानीय खेलहरू भन्न लगाउने, खेल खेल्ने लगाउने<br>● स्थानीय स्तरमा खेल्ने अन्य खेलको बारेमा जानकारी गराई मुख्य मुख्य खेल खेल्ने अभ्यास गराउन | | |
| पेसा व्यवसाय , पर्यटन , आयआर्जन र प्रविधि | , स्थानीय पेसा व्यवसाय-आयआर्जन र प्रविधिसँग परिचित | ●आफ्नो अभिभावकले गर्ने मुख्य पेसाको नाम भन्न<br>●आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम भन्न<br>●गाउँटोल घुम्न लायक स्थानको नाम भन्न<br>●आफ्नो गाउँटोल वरिपरि रहेका धार्मिक स्थलको पहिचान गर्न<br>●घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान गर्न | ●स्थानीय पेसा र बालीनालीहरु<br>●स्थानीय पर्यटकीय स्थलहरू<br>●स्थानीय बजार | ●आफ्नो अभिभावकले गर्ने मुख्य पेसाहरु (स्थानीय पेसा)<br>●आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम मकै ,गहुँ ,स्थानीय बालीनालीहरु धान ) लगायतका अन्य बाली(<br>●गाउँटोल घुम्न लायक स्थानहरु र धार्मिक स्थलको पहिचान<br>●घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान गर्न | ● घरमा आफ्ना अभिभावकले गर्ने कामहरुको बारेमा विद्यार्थीलाई भन्न लगाएर शिक्षकले टिपोट गरीदिने<br>● आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम भन्न लगाउने र शिक्षकले वास्तविक सामग्रीको संकलन गर्न लगाई देखाउने र बताउने<br>● विद्यालयको वरिपरि रहेका रमाइला सार्वजनिक स्थलमा घुम्न लगाएर विषयवस्तुको बारेमा जानकारी गराउने<br>● आफ्नो गाउँटोलमा रहेका धार्मिक स्थलको भ्रमण गराई उक्त स्थलको परिचय गराउने<br>● विद्यार्थीको घरमा उत्पादन भएका सामान बिक्री गर्ने स्थलको जानकारी दिने र बिक्री स्थलका चित्र देखाउने | ● घरमा आफ्ना अभिभावकले गर्ने कामहरुको बारेमा विद्यार्थीलाई भन्न लगायर शिक्षकले टिपोट गरीदिने।<br>● आफ्नो घरमा वर्ष भरि उत्पादन हुने बालीको नाम भन्न लगाउने शिक्षकले वास्तविक सामग्रीको संकलन गर्न लगाई देखाउने र बताउने।<br>● विद्यालयको वरिपरि रहेका रमाइला सार्वजनिक स्थलमा घुम्न लगाएर विषयवस्तुको बारेमा जानकारी गराउने।<br>● विद्यर्थीको घरमा उत्पादन भएका सामान बिक्री गर्ने स्थलको जानकारी दिने र बिक्री स्थलका चित्र देखाउने।<br>● आफ्नो गाउँटोलमा रहेको धार्मिक स्थलको नाम भन्न लगाएर। | २५ |
| मेरो भविष्य | असल बानी र जीवनोपयोगी सिप विकास | ● आफ्नो परिचय दिन<br>● आफ्ना राम्रा बानीहरुको सूची निर्माण गर्न<br>● आफ्नो मनको कुरा भन्न र अरुको समस्या अनुभूति गर्न | ● मेरो परिचय<br>● म र मेरो बानी | ● आफू र आफ्नो परिचय प्रस्तुति<br>● आफूलाई मनपर्ने खाना र आफ्ना असल बानीहरुको सूची प्रस्तुति (मौखिक)<br>● आफ्नो मनको कुराको निर्धक्क अभिव्यक्ति | ● विद्यार्थीलाई परिचय सोध्ने<br>● विद्यार्थीहरूको रुचि तथा राम्रा बानीहरूबारे समूह बनाई छलफल गर्न लगाउने र एक अर्काको रुचि तथा राम्रा बानी भन्न लगाउने।<br>● आफूलाई मनपर्ने खानाहरु मूलतः स्वस्थकर खानाहरु खान अभिप्रेरित गर्ने।<br>● आफूलाई लागेको कुरा डर नमानी भन्न सिकारुलाई उत्साहित गर्ने। | ● बालबालिकाको नाम सोध्ने र उनीहरुको सही उच्चारणसहितको नाम अभिलेखीकरण गरी मूल्यांकन गर्ने<br>● बालबालिकाहरूलाई आफूलाई मन पर्ने खाना, आफूलाई मन पर्ने आफ्नो बानी र साथीको बानीको सूची निर्माण गर्न लगाउने र व्यवहार अवलोकन गरी मूल्यांकन गर्ने,<br>● मन लागेको कुरा भन्न लगाएर बोल्ने क्षमता मूल्यांकन गर्ने। | १५ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • रुजुसूची, रुब्रिक्स जस्ता मूल्यांकनका साधनहरुको प्रयोग गरेर पनि विद्यार्थी मूल्यांकन गर्न सकिने। | |

# विषयवस्तुको विस्तृतीकरण कक्षा २

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| म र मेरो बुद्धभूमि | • आफ्नो गाउँ, टोल र वडाको सामान्य परिचय दिन | • आफू बसेको वडा न र वडा कार्यालय . रहेको स्थानको नाम भन्न । <br> • आफू बसेको वडाको वडा अध्यक्षको नाम भन्न <br> • आफू बसेको वडाभित्रका गाउँटोलहरूको नाम भन्न । <br> • नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न । <br> • | • हाम्रो वडा <br> • हाम्रो नगरपालिका | • आफू बस्ने वडाको वडा नं र वडा कार्यालयको . ठेगाना <br> • आफू बसेको वडाको वडा अध्यक्षको परिचय बताउन । <br> • आफू बस्ने वडाभित्रका गाउँटोलको नाम भन्न र तिनको अवस्थिति बताउन <br> • बुद्धभूमि नगरपालिकाको नाम, नगर कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल । <br> • कपिलवस्तु जिल्लाको नक्सामा बुद्धभूमि नगरपालिका । | • विद्यार्थीहरूलाई उनीहरू बस्ने वडा नम्बर सोध्ने र नगरपालिकाको नक्सा देखाउँदै आफ्नो गाउँ भएको वडा चिन्न लगाउने <br> • वडाको वडा अध्यक्षयलाई कक्षामा आमन्त्रित गरी परिचय दिन लगाउने । <br> • वडाको नक्सा देखाउँदै आफ्नो वरिपरिको नाम भन्न लगाउने <br> • आफू बस्ने वडाभित्रका गाउँ टोलको अवस्थिति पहिचान गर्न लगाउने <br> • आफू बसोबास गर्ने नगरपालिकाको वडाभित्र पर्ने गाउँ र वरपरको गाउँटोलको नाम पत्ता लगाउने परियोजना कार्य दिने वा सामूहिक कार्य गर्न लगाउने <br> • बुद्धभूमि नगरपालिकाको नक्सा देखाई बुद्धभूमि नगरपालिकाको नाम, नगर कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न लगाउने । | • आफू बस्ने वडा नम्बर भन्न र नगरपालिकाको नक्सामा आफ्नो गाउँ भएको वडा चिन्न सके नसकेको अवलोकन गरेर । <br> • आफू बसोबास गर्ने वडाका वडा अध्यक्षको नाम भन्न लगाएर । <br> • वडाको नक्सामा आफ्नो वरिपरिको गाउँवस्तको नाम, चिन्न सके नसकेको अवलोकन गरेर <br> • बुद्धभूमि नगरपालिकाको नक्सा देखाई बुद्धभूमि नगरपालिकाको नाम, नगर कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न सके नसकेको अवलोकन गरेर | • ३५ |
| हाम्रो संस्कार र संस्कृति | • स्थानीय परिकार, जाति,पोसाक, चाडपर्व र भाषाको पहिचान | • आफ्नो गाउँटोलका जातजातिले बोल्ने भाषाहरुको पहिचान गर्न <br> • आफ्नो गाउँटोल भित्रका जातजातिको थर भन्न <br> • स्थानीय चाडपर्वहरुको नाम र मनाउने जातजातिको नाम भन्न <br> • आफ्नो जातजातिले लगाउने पोसाकको पहिचान गर्न <br> • आफ्नो घरमा चाडपर्व विषेशमा बनाइने खानाका परिकारको नाम भन्न | • हाम्रो संस्कृति | • आफ्नो गाउँटोलका जातजातिले बोलिने भाषाको पहिचान <br> • आफ्नो गाउँटोल भित्रका जातजातिको थर <br> • स्थानीय चाडपर्वहरुको नाम र मनाउने जातजातिको नाम <br> • आफ्नो जातजातिले लगाउने पोसाकको पहिचान <br> • आफ्नो घरमा चाडपर्व विषेशमा बनाइने खानाका परिकारहरु | • आफ्नो गाउँटोल भित्र बोलिने भाषाको जानकारी गराउने र नमुनाका रुपमा ती भाषाहरु बोल्न अभ्यास गराउने । <br> • विद्यार्थीहरुलाई मातृभाषा बोल्न लगाउने र एकअर्काको अनुकरण गर्न लगाएर अर्थ बुझ्न सहयोग गर्ने । <br> • विद्यार्थीहरुलाई आ आफ्नो जातजाति र थर- पहिचान गर्न लगाउने र यसका आधारमा विभिन्न जातजातिहरु र तिनीहरुका थर पहिचान गर्न सघाउने <br> • चित्र पोस्टर र श्रव्यदृश्य सामग्रीमार्फत विद्यार्थीहरुलाई उनीहरुले मनाउने चाडपर्व भन्न लगाउने र ती चाडपर्वमा गरिने क्रियाकलाप बारेमा छलफल गराउने । <br> • विद्यार्थीको जातजाति र चाडपर्वको सम्वन्ध तालिका वनाई प्रस्तुत गर्ने <br> • विद्यार्थीहरुलाई उनीहरुका अभिभावकहरुले परम्परागत रुपमा लगाउने पोसाकहरुको नाम भन्न | • वडाभित्र बोलिने प्रमुख भाषाहरु भन्न लगाउने <br> • नेपाली भाषाका कम्तीमा १० वटा शव्दहरुलाई स्थानीय मातृभाषा उल्था गर्न लगाएर । <br> • विभिन्न जातजातिको ५ वटा थर ५/ भन्न लगाउने <br> • विभिन्न जाति अनुसारका उनीहरुले मनाउने चाडपर्व भन्न लगाएर <br> • चाडपर्व अनुसारको पोसाक र खाद्य परिकार भन्न लगाएर । <br> • विभिन्न जातिहरुले परम्परागत रुपमा लगाउने पोसाकहरुको नाम भन्न लगाएर । <br> • विद्यार्थीहरुको घरमा मनाइने चाडपर्वमा बनाइने विशेष खानाको परिकारहरुको नाम भन्न लगाएर | • २५ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | लगाउने ।<br>● विभिन्न जातजातिले विषेश कार्यमा परम्परा र पहिचान खुल्ने गरी लगाउने पोसाकहरुका बारेमा चित्र फोटो वा श्रव्यदृश्य सामग्री मार्फत प्रदर्शन गराएर छलफल गराउने ।<br>● विद्यार्थीहरुको घरमा मनाइने चाडपर्वमा बनाइने विशेष खानाको परिकारहरुको नाम भन्न लगाएर सूची बनाउने । | | |
| हाम्रो नैतिक मूल्य , मान्यता र सदाचार | ● आदर सत्कार र शिष्टाचारसँग परिचित हुन | ●अभिभावक शिक्षक र मान्यजनप्रति , आदर र सम्मान गर्न<br>●आफूले जानेका कुराको सञ्चार गर्न<br>●घर तथा विद्यालयमा अनुशासनका नियमहरुको पालना गर्न<br>● | ●आदर सत्कार र , शिष्टाचार<br>●अनुशासन | ●अभिभावक,शिक्षक र मान्यजनप्रति आदर र सम्मान<br>●आफू भन्दा ठूलालाई आदर र सानालाई माया गर्ने शब्द तथा वाक्यांशको प्रयोग ।<br>●बालबालिकामा सञ्चार सिप<br>●घर तथा विद्यालयमा अनुशासनका नियमहरुको पालना<br>●<br>● | ● अभिवादन आदर तथा सम्मान दर्साउने चित्र तथा कथाहरु प्रस्तुत गर्ने ।<br>● शिष्ट र मर्यादित बोलीसँग सम्बन्धित कार्टुन, भिडियो, एनिमेसन देखाउने ।<br>● विद्यार्थीहरूलाई सम्बोधन गर्दा आदरार्थी शब्दहरूको प्रयोग गरी उनीहरूलाई पनि प्रयोग गर्न उत्प्रेरित गर्ने ।<br>● विद्यार्थीहरूलाई आफूले जानेका, थाहा पाएका अनुभवको एक आपसमा आदान प्रदान गर्न लगाउने<br>● विद्यार्थीहरूलाई आफूले जानेको कुरा साथीलाई सिकाउन अभ्यास गराउने ।<br>● विद्यालयमा बालबालिकाका असल आचरणहरुलाई पुरस्कृत गरेर ।<br>● | ● आदरार्थी शब्दहरको प्रयोग गरी वाक्य बनाउन लगाउने<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने शिष्ट र मर्यादित बोलेको अवलोकन गरेर<br>● सबैलाई नमस्कार गरी आफ्नो नाम र घर परिवारमा को को हुनुहुन्छ बताउन लगाउने ।<br>● घर र विद्यालयमा पालना गर्नु पर्ने आचरणको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर ।<br>● बिद्यार्थीहरूलाई आफूले जानेका, थाहा पाएका अनुभवको एक आपसमा आदान प्रदान गरेको अवलोकन गरेर ।<br>● विद्यार्थीहरूलाई आफूले जानेको कुरा साथीलाई सिकाएको अवलोकन गरेर<br>● | ● २० |
| वातावरण संरक्षण र विपद् व्यवस्थापन | ● विपद्को पहिचान सुरक्षा उपायको पालना गर्न<br>● | ●विद्यालयमा हुन सक्ने दुर्घटनाको पहिचान तथा सावधानी अपनाउन<br>●घरमा हुनसक्ने दुर्घटनाको अवस्थाको पहिचान गर्ने<br>●सडक दुर्घटनाको अवस्था पहिचान गर्न । | ●सुरक्षित जीवन | ●विद्यालयमा हुन सक्ने दुर्घटनाको पहिचान तथा सावधानी अपनाउन ।<br>●घरमा हुनसक्ने दुर्घटनाको अवस्थाको पहिचान र साबधानी अपनाउन ।<br>●सडक, चालक तथा पैदल यात्रुका कारण हुने विभिन्न दुर्घटनाहरु पहिचान ।<br>●नजिकको सडकको अवलोकन गराई वा फोटोहरुमार्फत जेब्रा क्रसिङ तथा सडक सुरक्षाबारे | ●<br>● विद्यालयमा घट्नसक्ने दुर्घटना नामहरुका सोध्ने र कसरी सुरक्षित हुने तरिका चार्ट र चित्र देखउने ।<br>● सुरक्षित विद्यालयका फाइदाहरू ।<br>● सुरक्षित विद्यालयको परिचय ।<br>● विद्यार्थीहरुलाई विद्यालय नजिकैको बाढीको अवलोकन गराउने ।<br>● ☐ बिधालयमा घट्न सक्ने दुर्घटना सम्बन्धी | ● फोटोहरु देखाई दुर्घटनाका नामहरु भन्न लगाउने ।<br>● दुर्घटनाका नाम सम्बन्धित फोटोहरुसित जोडा मिलाउन लगाउने ।<br>● आफ्नो घर टोलको वरिपरि भएका दुर्घटनाको सूची बनाउन लगाउने ।<br>● सडक पार गर्दा ध्यान दिनुपर्ने ।<br>● सडक दुर्घटना भएका फोटोहरु | ● २० |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | बताउने। <br> ● | भिडियो देखाउने। <br> ● घरमा हुनसक्ने दुर्घटनाको नामहरुका नाम सोध्ने र कसरी सुरक्षित हुने तरिका चार्ट र चित्र देखउने। <br> ● नजिकको सडकको अवलोकन गराई कच्ची सडक र पक्की सडकका चित्र, पोष्टर, भिडियो देखाई धारणा प्रस्ट पार्ने तथा सडक सुरक्षाबारे बताउने। | देखाई दुर्घटनाका नामहरु भन्न लगाउने। | |
| स्वास्थ्य पोषण सरसफाइ र खेलकुद | ● व्यक्तिगत सरसफाइ पोषण र स्थानीय खेलसँग परिचित | ● आफ्नो शरीरको सरसफाइ गर्न <br> ● व्यक्तिगत सरसफाइको महत्त्व भन्न <br> ● दैनिकरूपमा गरिने सरसफाइको सूची बनाउन <br> ● घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन <br> ● गाउँ, टोल नजिक रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम ठेगाना भन्न <br> ● स्थानीय खेल खेल्ने अभ्यास गर्न र महत्त्व भन्न | ● स्वास्थ्य र सरसफाइ <br> ● स्थानीय खेलहरू पहिचान | ● आफ्नो शरीरको सरसफाइ <br> ● व्यक्तिगत सरसफाइको महत्त्व <br> ● दैनिकरूपमा गरिने सरसफाइ <br> ● घर तथा विद्यालयको सरसफाइमा सहभागी <br> ● गाउँटोल नजिक रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना। <br> ● स्थानीय खेल खेल्ने अभ्यास र महत्त्व | ● व्यक्तिगत सरसफाइ गर्ने सामग्रीको प्रयोग बारेमा भन्न लगाउने <br> ● शरीर सरसफाइ गरेको चित्र देखाउँदै छलफल गराउने <br> ● शरीरका अङ्गहरूको सरसफाइ गर्ने विधि र सरसफाइको महत्त्व दर्साउने भिडियो कक्षाकोठामा प्रदर्शन गरी छलफल गराउने <br> ● गाउँटोल नजिक रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना भन्न लगाउने। <br> ● नजिकमा रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको भ्रमण गराई तिनको जानकारी गराउने र उक्त संस्थाबाट प्राप्त गर्न सकिने सेवाको जानकारी गराउन <br> ● वडामा रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको कहाँ कहाँ छन् परियोजना कार्य दिने <br> ● हातमुख धुने, नुहाउने, बुरुस गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने अभ्यास गराउने <br> ● स्थानीय खेल जस्तैः लुकामारी, रुमाल लुकाइ, चुङ्गी, गट्टा खेल्न शिक्षकले विद्यार्थीलाई अभ्यास गराउने र समूहगत <br> ● रूपमा खेल खेल्न लगाउन | ● शरीरका अङ्ग जस्तैः हात, खुट्टा, दाँत सरसफाइ गर्ने तरिका भन्न लगाएर <br> ● शरीरका अङ्ग सफाइ गरेको अवलोकन गरेर <br> ● गाउँटोल नजिक रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना भन्न लगाएर। <br> ● उक्त स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवा भन्न लगाएर। <br> ● लुकामारी, रुमाल लुकाइ, चुङ्गी, गट्टा खेलेको अवलोकन गरेर। | ● २० |
| पेसा व्यवसाय , पर्यटन आयआर्जन र प्रविधि | ● स्थानीय पेसा व्यवसाय , आयआर्जन र प्रविधिसँग परिचित | ● गाउँटोलका व्यक्तिहरुले गर्ने मुख्य पेसा तथा व्यवसायको नाम भन्न <br> ● आफ्नो घरमा वर्षभरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न <br> ● वडामा घुम्न लायक र वरिपरि रहेका सार्वजनिक स्थलको नाम भन्न | ● स्थानीय पेसा र बालीनालीहरु <br> ● स्थानीय पर्यटकीय स्थलहरू <br> ● स्थानीय बजार | ● गाउँटोलका व्यक्तिहरुले गर्ने मुख्य पेसा तथा व्यवसायहरु <br> ● आफ्नो घरमा वर्षभरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलहरु ,अँप ,साग ,काउली) कटहर लिची , (लगायतका अन्य तरकारी र फलफूल <br> ● वडामा घुम्न लायक स्थानहरु | ● विद्यार्थीका अभिभावकले आय आजर्नका लागि गर्ने मुख्य कार्यका बारेका सोध्ने र सोका बारेमा छलफल गर्दै पेसाका बारेमा जानकारी दिने <br> ● विद्यार्थीहरुको घरमा उत्पादन हुने तरकारी र फलफूलको विवरण संकलन गरी भन्न लगाउने। <br> ● विद्यार्थीहरुको वडामा घुम्न जाने स्थलका बारेमा | ● विद्यार्थीका अभिभावकले आय आजर्नका लागि गर्ने मुख्य कार्यका बारेमा भन्न लगाएर। <br> ● विद्यार्थीहरुको घरमा उत्पादन हुने तरकारी र फलफूलको विवरण भन्न लगाएर। | ● २५ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरुको बारेमा प्रस्तुति दिन लगाउने ।<br>● स्थानीय सडक सुरक्षा सम्बन्धी योजना बनाई प्रस्तुत गर्न लगाउने ।<br>● समूहगत रुपमा जनचेतनामूलक सामग्रीहरु समुदायमा प्रस्तुत गर्न लगाउने ।<br>● सडक सुरक्षा सम्बन्धी स्थानीय क्षेत्रमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । जस्तैः नाटक, वक्तृत्वकला, फोटो प्रदर्शनी आदि ।<br>● घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग भन्न र यिनको प्रयोग तथा बजारीकरण बारे बताउने ।<br>● हरित विद्यालय निर्माणमा विद्यार्थी इको क्लबको भूमिका पहिचान गर्न लगाउने ।<br>● हरित विद्यालयको प्रवर्धन गर्ने उपायको खोजी गरी ती उपाय अवलम्बन बारे बताउने ।<br>● स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपाय खोजी गर्ने ।<br>● नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरू र नगरपालिकाको भूमिकाबारे बताउने । | | |
| स्वास्थ्य पोषण सरसफाइ र खेलकुद | स्वास्थ्य सरसफाइ पोषण योग तथा प्राणायाम र स्थानीय खेलको अभ्यास<br>प्राकृतिक चिकित्सा पद्दतिमा माटो उपचार जल उपचारको , महत्त्व । | ● टोल तथा समुदायको वातावरणको सरसफाइमा सरिक हुन<br>● स्थानीय खेलकुद को पहिचान र अभ्यास (कुनै तीन) गर्न<br>● प्राकृतिक चिकित्सा पद्दतिमा माटो उपचार जल , उपचारको महत्त्व बताउन ।<br>● स्थानीय जडीबुटी जस्तै नीम ,घ्युकुमारी ,चिराइतो , चिनी लहरो लगायतका अन्य महत्त्वपूर्ण जडीबुटीको पहिचान र उपयोग । | ● वातावरणको सरसफाइ<br>● स्थानीय खेलकुद<br>● प्राकृतिक चिकित्सा<br>● स्थानीय जडीबुटी | ● टोल तथा समुदायको वातावरणको सरसफाइ<br>● स्थानीय खेलकुदको पहिचान र अभ्यास<br>● प्राकृतिक चिकित्सा पद्दतिमा माटो उपचार , जल उपचारको महत्त्व ।<br>● स्थानीय जडीबुटीको पहिचान र उपयोग । | ● सफा टोल समुदायको चित्र वा भिडिया प्रस्तुत गरेर टोल समुदायको वातावरण सरसफाइका कार्यहरुका बारेमा छलफल गराउने ।<br>● स्थानीय स्तरमा बालबालिकाले खेल्ने खेलहरुको सूची बनाइ कुनै तीन वटा खेलहरुमा अभ्यास गराउने ।<br>● प्राकृतिक चिकित्सामा जानकार व्यक्तिलाई स्रोतव्यक्तिका रुपमा बोलाएर माटो उपचार जल , उपचारसम्बन्धी अन्तरक्रिया गराउने ।<br>● स्थानीय स्तरमा पाइने जडीबुटीहरुको प्रयोगको बारेमा छलफल गराइ नीम ,घ्युकुमारी ,चिराइतो , | ● सफा टोल समुदायको सरसफाइ कार्यहरु सामग्रीको बारेमा प्रश्नोत्तर गराएर । ।<br>● स्थानीय स्तरमा बालबालिकाले खेल्ने खेलहरुको सूची बनाइ कुनै तीनवटा खेलहरुको अवलोकन गरेर ।<br>● प्राकृतिक चिकित्सामा माटो उपचार , जल उपचारको महत्त्व बताउन लगाएर ।<br>● स्थानीय स्तरमा पाइने जडीबुटीहरुको संकलन गर्न लगाएर ।<br>● जडीबुटी नीम ,घ्युकुमारी ,चिराइतो , | १५ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | चिनी लहरो लगायतका अन्य महत्त्वपूर्ण जडीबुटीको पहिचान र उपयोग गर्ने सघाउने। | चिनी लहरोको पहिचान गर्न लगाएर। | |
| पेसा व्यवसाय, पर्यटन, आयआर्जन र प्रविधि | स्थानीय पेसा व्यवसाय, प्रविधिको महत्व ,आयआर्जन र सम्भावना | • परम्परागत प्रविधिको (आरन तथा कल )को परिचय, महत्त्व र कार्यप्रकिया बताउन<br>• बालीघरे प्रथाको असल पक्षा र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्न<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न मचिया ढकिया मादल माटाका भाँडा आदि<br>• नगरपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गर्न तथा पयर्टन व्यवसाय प्रर्वधन र विस्तार गर्न<br>• कृषिको आधुनिकीकरणका लागि नगरको योजनाबारे भन्न | • परम्परागत प्रविधि र पेसा व्यवसाय<br>• पयर्टन व्यवसाय<br>• कृषिको आधुनिकीकरण | • परम्परागत प्रविधिको (आरन तथा कल)को परिचय, महत्त्व र कार्यप्रकिया<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण ( मचिया ढकिया मादल माटाका भाँडा )<br>• परम्परागत पेसा बालीघरे प्रथाको असल र सुधार गर्नुपर्ने पक्ष<br>• पयर्टन व्यवसाय प्रवर्धन र विस्तार तथा विकासका अवसर र चुनौती<br>• कृषिको आधुनिकीकरणमा नगरको योजना | • विद्यार्थीहरुलाई आरन तथा कल भएको स्थानीय क्षेत्रको भ्रमण गराएर त्यसको परिचय , महत्त्व र कार्यप्रकियाको बारेमा छलफल गराउने<br>• कक्षामा शिक्षकले श्रव्यदृश्य सामग्री संकलन गरी प्रदर्शन गरी बताउने<br>• शिक्षकले स्थानीय क्षेत्रमा पाइने मचिया , ढकिया, मादल र माटाका भाँडा संकलन तथा अवलोकन गर्न लगाएर परिचय दिने<br>• स्थानीय क्षेत्रमा उक्त हस्तकलाका सामग्री निमार्णमा सरिक हुने अभ्यास गर्ने।<br>• विद्यार्थीहरुलाई नगरपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौतीको बारेमा समूहकार्य मार्फत खोजी गर्न लगाएर छलफल गराउने<br>• पर्यटन व्यवसाय प्रवर्धन र विस्तार गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई खोजी गर्न लगाउने त्यससगँ जानकार व्यक्तिसँग सम्पर्क गरी पर्यटन प्रर्वधन तथा विस्तारका उपाय पत्ता लगाउने<br>• नगरको कृषि आधुनिकीकरणमा नगरको योजनाका बारेमा नगरपालिकाका योजना शाखा प्रमुखलाई कक्षामा आमन्त्रण गरी छलफल कार्यमा विद्यार्थीलाई सरिक गराउने र सोको बारेमा शिक्षकले जानकारी दिने | • परम्परागत प्रविधिहरु जस्तै आरन तथा कलको परिचय, महत्त्व र कार्यप्रकियाको बताउन लगाएर।<br>• स्थानीय क्षेत्रमा पाइने हस्तकलाका सामग्रीहरुको नाम भन्न लगाएर।<br>• विद्यार्थीहरुलाई नगरपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती को वारेमा समूहगत प्रस्तुत गर्न लगाएर।<br>• पर्यटन व्यवसाय पर्वधन र विस्तारका उपायहरु बताउन लगाएर।<br>• नगरको कृषि आधुनिकीकरणका योजना प्रस्तुत गर्न लगाएर। | २० |
| मेरो भविष्य | असल बानी र जीवनोपयोगी सिप विकास | • सिर्जनात्मक सोचाइ सिपको परिचय दिन र आफ्नो सिर्जनात्मक सोचाइ सिपको विकास गर्न।<br>• समस्या समाधान गर्ने क्षमताको विकास तथा समस्या पहिचान गरी समाधान गर्न।<br>• जीवन वृत्तिविकास योजनाको आवश्यकता र महत्व बताउन।<br>• जीवन वृत्तिविकास योजनाको सम्भाव्य उपायहरु पत्ता लगाउन।<br>• जीवन वृत्तिविकास योजनाको तर्जुमा गर्न। | • समालोचनात्मक चिन्तन<br>• सिर्जनात्मक सोचाइ सिप<br>• समस्या समाधान सिप<br>• जीवनवृत्ति विकास | • समालोचनात्मक चिन्तन<br>• सिर्जनात्मक सोचाइ सिप<br>• समस्या समाधान सिप<br>• जीवनवृत्ति विकास योजना तर्जुमा<br>• सामाजिक सवालको परिचय र सम्बोधनका लागि विभिन्न उपायहरू | • शिक्षकले सिर्जनात्मक सिप, जीवनवृत्ति योजना भनेको के हो जानकारी गराउने र अभ्यास गराउने<br>• हाम्रो समाज र देशमा अवलम्बन गरिने विभिन्न पेसाहरुबारे विडियो वा चित्र देखाउने<br>• विद्यार्थीलाई भविष्यमा आफूले रोज्न चाहेको पेसाको बारेमा कक्षामा बताउन लगाउने र कस्तो तयारी गर्न सकिन्छ भन्ने<br>• शिक्षकले स्थानीय स्तर मा कुनै पेसा अपनाएर सफल भएका एक दुइ जना व्यक्तिलाई कक्षामा | • जीवनको लक्ष्यको बारेमा निबन्ध लेख्न लगाउने<br>• जीवनको लक्ष्य कस्तो हुनुपर्छ उदाहरणहरु प्रस्तुत गर्न लगाउने<br>• प्रत्येक विद्यार्थीलाई आफ्नो जीवनको लक्ष्य निर्धारण गर्न र आगामी पाचँवर्ष पछि उनीहरु के बन्न चाहन्छन, त्यसलाई तत्कालिन तयारि के गर्न सकिन्छ योजना प्रस्तुत गर्न लगाउने | १३ |

| क्षेत्र र एकाइ थिम | तहगत सक्षमता | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | ● सामाजिक सवालको बारेमा जानकारी लिई ती सवालहरुलाई सम्बोधनका लागि विभिन्न उपायहरु खोजी गर्न । | योजना तर्जुमा<br>● सामाजिक सवालको परिचय | | बोलाउने<br>● बिद्यार्थीलाई जीवनवृत्ति योजनाको ढाँचा बनाउन लगाउने<br>● बिद्यार्थीलाई जीवनवृत्ति योजनाको आवश्यकता र फाइदाहरु छलफल गराउने<br>● सिर्जनात्मक सोचाइ,समालोचनात्मक सोचाइको बारेमा छलफल गने ; शिक्षकले यस्ता सिपहरुको प्रयोग गरिएका उदाहरणहरुको प्रस्तुतिसहित सिर्जनात्मक सोचाइ  सोचाइको बारेमा बताउने<br>● समस्या समाधान गर्ने सिपको बारेमा सैद्धान्तिक प्रस्तुतिकरण गर्ने,समस्या पर्दा समाधान खोज्ने विभिन्न तरिका सिकाउने<br>● समस्या समाधानका उपायहरु कसरी आउन सक्छ विश्लेषण गर्न लगाउने<br>● समाजमा व्याप्त सामाजिक सवालका विषयहरु ,चुनौतीलाई न्यूनीकरण अथवा समाधान गर्ने सृजनशील उदाहरणहरु शिक्षकले कक्षामा कथा,कविता,गीत,अभिनय वा भिडियोको अंश प्रदर्शन प्रस्तुत गर्ने | ● सिर्जनात्मक  सोचाइको बारेमा बताउन लगाउने र आफ्नो समुदायमा देखिएका कुनै एक सामाजिक सवाल का कुरालाई सिर्जनात्मक ढंगबाट प्रस्तुत गर्न लगाउने<br>● आफूले भोग्नु परेको कुनै एक समस्या र त्यस को समाधानको बारेमा सोध्ने<br>● समस्या समाधान गर्ने सिपको बारेमा लेख्न लगाउने | |

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयले स्थानीय सन्दर्भ, आवश्यकता र प्रयोगात्मक पक्षमा आधारित विषयक्षेत्रमा जिज्ञासु गराई दिगो सिकाइमा सहयोग गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः "गरेर सिक" (learing by doing) को सिद्धान्तअनुसार स्थानीय विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई स्थानीय विषयक्षेत्रमा केन्द्रित भई परियोजना कार्य (project work) का रूपमा सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरण जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

स्थानीय विषय सम्बद्ध सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा तथा रहनसहनमा ध्यान दिनुपर्दछ । यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्दछ । सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाई यथासम्भव उदाहरण, स्थलगत अध्ययन भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्दछ । शिक्षणलाई प्रभावकारी र दिगो बनाउन सहजीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । सहजीकरण प्रक्रियाले विद्यार्थीमा समभ्कदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ । त्यसैले कुनै एकाइका लागि विषयवस्तुको प्रकृति हेरेर खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखी पूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई सिर्जनात्मक प्रयोगका लागि स्थानान्तरण गर्न सक्ने अवस्थामा पुऱ्याउनुपर्छ । सहजीकरणका क्रममा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूको प्रयोगका सम्बन्धमा सामुदायिक स्रोत र अभिभावकसँग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दा सम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकतानुसार प्रदर्शन गर्नुपर्छ । शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्नलिखित कुरामा ध्यान दिनु राम्रो हुन्छ :

(क) विद्यार्थीको बुभ्कने क्षमता र परिपक्वता

(ख) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना

(ग) स्थानीय स्तरमा उपलब्ध हुने साधनस्रोत

(घ) स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरू

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रदर्शन विधि
(ख) छलफल विधि
(ग) प्रश्नोत्तर विधि
(घ) भूमिका अभिनय
(ङ) सामाजिक तथा सांस्कृतिक क्रियाकलाप
(च) अवलोकन भ्रमण
(छ) खोज विधि
(ज) परियोजना विधि
(झ) समस्या समाधान विधि
(ञ) प्रयोग विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । यसलाई निम्नानुसार पनि प्रस्तुत गर्न सकिन्छ :

(क) **आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ विधि,**अनुसन्धानमा आधारित शिक्षण विधिः** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययनतथा **वैकल्पिक शिक्षण विधिः**श्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, Think Pair and Share

शिक्षक वा सहजकर्ताले तयारीका चरणहरू पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्य अनुसार सक्षमता हासिल हुने गरी विद्यार्थी केन्द्रीत विधिहरू उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि,समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्स, मष्तिस्क मन्थन आदी विधिहरू अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्य अनुसार एकैपटकमा पनि एक वा एकभन्दा धेरै बिधिहरूको प्रयोग गर्न सकिन्छ तर सबै बिधिहरूमा विद्यार्थी केन्द्रीत, सक्रिय सहभागिता, सामाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ । सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

१. **प्रश्नोत्तर विधि :** विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाइन्छ ।

२. **प्रदर्शन विधि :** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाइन्छ ।

३. **समस्या समाधान विधि :** विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

४. **अवलोकन विधि :** विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

५. **छलफल विधि :** समूहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाइ सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

६. **अभिनय विधि :** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाउन सकिन्छ ।

७. **खोज विधि :** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

८. **परियोजना कार्य विधि :** परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्त्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

**९. वाचन/कथाकथन विधि :** कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

**१०. घटना अध्ययन विधि :** घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**११. क्षेत्र भ्रमण :** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका तीन मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण** : यस चरणमा भ्रमणको तयारी हुन्छ, जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण** : यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण** : भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्य तथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

**(ख) समालोचनात्मक चिन्तनपरक विधिहरू :** गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

**(क) मस्तिष्क मन्थन (Brain Storming) :** विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन् :

**प्रथम चरण :** सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।

**दोस्रो चरण :** समस्या वा पाठ बुझिने गरी बताउने ।

**तेस्रो चरण :** निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।

**चौथो चरण :** समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने ।

**पाँचौं चरण :** उनीहरूले भनेका कुरा टिप्ने ।

**छैटौं चरण :** अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने ।

(ख) **सङ्गठित सिंहावलोकन**(Structure Overview) : छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :** सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :** छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने ।

**पाँचौँ चरण :** केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाउन सकोस् ।

(ग) **जिग्सअ (Jigsaw)** : जिग्स विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण :** विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

(घ) **सोच जोडीमा छलफल आदानप्रदान**(Think, Pair, Share) समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण :** सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

(ङ) **सङ्क्षिप्त/द्रुत लेखन** (Quick Write) : छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्तवपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण :** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण :** समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ । चौथो चरण विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकता अनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

(च) **मान्यता** (Value line) : मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बीचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस प्रकारको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क दिने, कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा रहन्छन् । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण :** हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण :** शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौं चरण :** आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाई मत फरक भए अर्को समूहमा पठाउने गर्नुपर्छ ।

**छैटौं चरण :** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण :** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनु पर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा

विद्यार्थीको सक्रिय भूमिकाले महत्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुना हुन् । पाठ्यक्रमको आवश्यकता अनुसार अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

(ग) **अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन :** विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निबन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लास्टिक टाँस्ने, कुनै विरुवाको जीवनचक्र वा खेतीसम्बन्धी छ भने त्यसको बिउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराईएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनु पर्छ । कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सीपसँग सम्बन्धित सामग्रीहरू बनाउनलाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्नसमेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation)गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूको सिकाइउपलब्धि, सक्षमता, सिप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सिप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

कक्षाकोठामा सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा मौलानाद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ । उल्लिखित शिक्षण विधि प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. शिक्षकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्छ ।

२. भोलिपल्ट पढाउने पाठ अघिल्लो दिन नै शिक्षकले शास्त्रीय तयार गर्नुपर्छ । यसका लागि आवश्यक पर्ने शैक्षिक तथा पाठ्यसामग्री सङ्कलन एवम् आवश्यकतानुसार स्थानीय स्रोतव्यक्ति वा विज्ञसँग समन्वय र विज्ञ परिचालन गर्नुपर्छ ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम्  क्षमता बुझ्नु र तदनुरूप क्रियाकलाप गराउनुपर्छ ।

४. विषयवस्तुमा विद्यार्थीहरूलाई आकर्षण गर्न सरल र क्रमबद्ध तरिका अपनाउनुका साथै उत्प्रेरणा र कौतूहल पनि जगाउनुपर्छ ।

५. अध्यापनमा बढीभन्दा बढी विद्यार्थीलाई संलग्न गराई सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

६. संस्कार र संस्कृतिसँग सम्बद्ध विषयवस्तुलाई प्रयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ ।

७. प्रसिद्ध चाडपर्व र संस्कारहरू सिकाउँदा विद्यार्थीहरूलाई सामूहिक अवलोकन भ्रमण एवम् प्रश्नोत्तरमा जोड दिनुपर्छ ।

८. विभिन्न वेवसाइटबाट सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिई वा दिई सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ । अभिभावक तथा सरोकारवालालाई सूचना प्रविधि सम्बद्ध सामग्री सही उपयोगतर्फ आकर्षित तथा उत्प्रेरित गर्नुपर्छ ।

९. स्थानीय सम्पदाको फोटो र भिडियो खिचेर कक्षामा प्रदर्शन गर्न सकिन्छ । त्यसका आधारमा छलफल गराउन सकिन्छ । यसका लागि सूचना प्रकाशित वा प्रवाह गरी शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिनुपर्छ । सङ्ग्रह गरिएका वा उपलब्ध भएका सामग्री पठनपाठनका लागि भनी मागी त्यसको सही सदुपयोग गर्नुपर्छ ।

१०. स्थानीय व्यवसायी, पूजारी, समाजसेवी, कृषकसँग गरेको कुराकानीको भिडियो वा अडियो तयार गरेर कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई परियोजना कार्य गर्न सहजता प्रदान गर्छ । यी कार्यमा संरग्न नभएका विद्यार्थीले पनि साथीको कार्यबाट सहजैसँग विषयवस्तुको बोध गर्न सक्छन् ।

११. स्थानीय साँस्कृतिक गतिविधिहरूको फोटो वा भिडियो खिचेर वा सङ्कलन गरेर कक्षामा प्रदर्शन तथा छलफल गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई आफ्नो संस्कृति, संस्कारप्रति जिज्ञासु तथा उत्तरदायी बनाउन मदत गर्छ ।

१२. शिक्षकले इन्टरनेटमार्फत सामाजिक सञ्जालहरूबाट सान्दर्भिक सामग्री सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । यसका लागि बुद्धभूमि नगरपालिकाका स्थानीय विषय पढाउने शिक्षकको सञ्जाल बनाई अन्तरक्रिया, सहयोग आदानप्रदान र समरूपता तथा विविधता ल्याउन सहयोग पुग्छ ।

१३. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित बुँदाहरू, अडियो तथा भिडियो क्लिप्स, फोटो तथा चित्रहरू समावेश गरेर पावरप्वाइन्ट सामग्री तयार गरी कक्षामा प्रदर्शन, छलफल र अभ्यास गराउन सकिन्छ ।

१४. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित कतिपय सङ्कलित सामग्रीलाई प्रिन्ट गरेर वा फोटोकपी गरेर विद्यार्थीहरूलाई स्वाध्ययन, समूह छलफल र घटना अध्ययन गराउन सकिन्छ ।

१५. विद्यार्थीहरूलाई पनि परियोजना कार्य तथा क्षेत्र भ्रमणका क्रममा यस्ता सामग्रीको सहयोग लिएर जानकारी सङ्कलन गर्न र प्रस्तुतिका लागि स्लाइडहरू तयार पार्न लगाई प्रस्तुत गर्न लगाउन सकिन्छ । त्यसैगरी विद्यार्थीहरूले परियोजना कार्यका क्रममा सामाजिक सञ्जालहरू, इन्टरनेट तथा रेडियो टेलिभिजनका सामग्रीबाट तथ्य र तथ्याङ्कहरू सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ ।

१६. रेडियो, टेलिभिजन तथा अनलाई मिडियामा प्रकाशित र प्रसारित स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित सामग्रीलाई कपी गरेर वा टिपोट गरेर कक्षामा छलफल तथा प्रदर्शन गर्न सकिन्छ ।

१७. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग मिल्दो भिडियो क्लिप्स, डकुमेन्ट्रीहरू, चलचित्रहरूलाई पनि सिकाइ सहजीकरणका क्रममा प्रदर्शन गरेर छलफल गर्न सकिन्छ ।

१८. स्थानीय आवश्यकता र सिपका आधारमा सामग्री उत्पादन, स्थानीय बजार र सामग्रीको उपयोग गर्नुपर्छ ।

१९. स्थानीय तहमा उपलब्ध विज्ञ वा बाह्य क्षेत्रबाट आमन्त्रण गरिएको विज्ञ परिचालन गरी सिपगत शिक्षा लिने वा दिने गर्नुपर्छ । सबै एउटै शिक्षकले पढाउन खोज्नु हुँदैन । आफूभन्दा अरूको प्रभावकारी हुन्छ, त्यस्ता व्यक्ति झिकाउन सकिन्छ भने विज्ञबाट नै कक्षा सञ्चालन गर्नुपर्छ । विज्ञले लिएको कक्षाको श्रव्यदृश्य सामग्री निर्माण गरी सबै वितरण गरिदिनुपर्छ ।

२०. सिपगत शिक्षाका विविध कारणले गर्दा थप शैक्षिक प्रगति हुन नसक्ने विद्यार्थी वा दैनिक व्यवहारबाट टाढा रहेका विद्यार्थीले स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट प्राप्त आफ्नो सिपगत योग्यताका आधारमा घरायसी काममा सहयोग गर्ने तथा रोजगार वा स्वरोजगारतर्फ आकर्षित भई स्वावलम्बी नागरिक बन्नेतर्फ उत्साहित गरिदिनुपर्छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकबाट विषयवस्तु प्रधान अन्तरक्रियात्मक प्रस्तुतिसहितको शिक्षण, सिकाइ सहजीकरणका विभिन्न रणनीतिहरू, समालोचनात्मक चिन्तन, एक पिरियडमा सकिने र एक दिनमा पूरा गर्न सकिने स्थानीय लघु भ्रमण, परियोजना कार्य, लिखित कक्षाकार्य, गृहकार्य, समूह कार्य, मौखिक वर्णन, चित्रकला, गायन, अभिनय, विद्यार्थीबाट, सङ्कलन र प्रदर्शन, अनुभवी व्यक्ति, स्रोतव्यक्ति वा अतिथि शिक्षकबाट शिक्षण प्रशिक्षण, नाटकीकरण आदिको अवलम्बन गर्न सकिने छ ।

## ७. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुर्पछ । उद्देश्यअनुरूप सिकाइको सबै स्तरलाई समेटेर मूल्याङ्कनका साधनहरू विकास गरिनुपर्छ । यस विषयमा सामान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्छ ।

### (अ) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण अन्वेषण गरी पुनः सिकाइन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलापकै मा कक्षाकार्य, धार्मिक अनुष्ठानादि कार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमा गरेर अभिलेख राख्नुपर्छ । साथै यसको सिकाइ सहजीकरणका क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्छ । निर्माणात्मक मूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. मूल्याङ्कनले मुख्यतः निर्धारित विषयवस्तुको सैद्धान्तिक एवम् प्रयोगात्मक नतिजा देखाउनुपर्छ ।
२. यो प्रयोगात्मक विषय भएकाले यसले मुख्यतः अभ्यास र उत्पादनमा जोड दिनुपर्छ ।
३. शिक्षक वा विद्यालयले आयोजना गर्ने अवलोकन भ्रमणपश्चात् प्रश्नोत्तरका माध्यमले मूल्याङ्कन हुनुपर्छ ।
४. सैद्धान्तिक पक्षलाई जाँच्न यी तरिका अपनाउन सकिने छ :
   (क) बहुवैकल्पिक प्रश्न सोधेर ।
   (ख) ठिक बेठिक छुट्याउन लगाएर ।
   (ग) हाजिरीजवाफ गराएर ।
   (घ) कठिन शब्दहरूको अर्थ सोधेर ।
   (ङ) बोधको आधारमा प्रश्नोत्तर गराएर ।
   (च) विवरणात्मक प्रश्न गरेर ।

**(आ) निर्णयात्मक मूल्याङ्कन**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा निर्णय गर्ने प्रयोजनार्थ त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ । यस विषयमा शैक्षिक सत्रको अन्त्यमा यस्तो मूल्याङ्कन गर्ने गरिन्छ । कक्षा १ देखि ३ सम्ममा पूर्णतः निर्माणात्मक मूल्याङ्कन लागु हुने व्यवस्था रहेकाले यस मूल्याङ्कनसम्बद्ध अभिलेख पनि निर्माणात्मक मूल्याङ्कनकै आधारमा गर्नुपर्ने छ । कक्षा ४ देखि ८ को हकमा भने तोकिएअनुसारको विशिष्टीकरण तालिकाअनुसार विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने छ ।

## निर्माणात्मक/प्रयोगात्मक परीक्षा

**कक्षा : १-३**

औसत अङ्क विशिष्टीकरण तालिका

| क्रस | **कार्य विवरण** | **अङ्कभार** |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| | **जम्मा** | **१००** |

कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (वार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिनेछ । विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ । विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) मा अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level)का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities)का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नुपर्ने छ । प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

## स्थानीय पाठ्यक्रमको सिकाइ कार्यघण्टा र अङ्क विभाजन तालिका

| क्षेत्र/ एकाइ | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क |
| म र मेरो बुद्धभूमि | ३५ | २२ | ३५ | २२ | ३५ | २२ | २५ | २० | २५ | २० | २५ | २० | २५ | २० | २५ | २० |
| हाम्रो संस्कार र संस्कृति | २५ | १५ | २५ | १५ | २५ | १५ | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ |
| हाम्रो नैतिक मुल्य मान्यता र सदाचार | २० | १३ | २० | १३ | २० | १३ | १५ | १२ | १५ | १२ | १५ | १२ | १५ | १२ | १५ | १२ |
| वातावरण संरक्षण र विपद् व्यवस्थापन | २० | १३ | २० | १३ | २० | १३ | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ |
| स्वास्थ, पोषण, सरसफाइ र खेलकुद | २० | १३ | २० | १३ | २० | १३ | १५ | १२ | १५ | १२ | १५ | १२ | १५ | १२ | १५ | १२ |
| पेसा, व्यवसाय, पर्यटन आयआर्जन र प्रविधि | २५ | १५ | २५ | १५ | २५ | १५ | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ |
| मेरो भविष्य | १५ | ९ | १५ | ९ | १५ | ९ | १३ | १० | १३ | १० | १३ | १० | १३ | १० | १३ | १० |
| **जम्मा** | **१६०** | **१००** | **१६०** | **१००** | **१६०** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

# तेस्रो खण्ड

# कार्यान्वयन

## १. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यघण्टा ५ हुने छ जसमा १६० घन्टी दिइएको छ । त्यसै गरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधिबमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्ने छ र २०० दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुने छ ।

## २. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

यस पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन कार्य गरिने छ । यो पाठ्यक्रमअनुसार शैक्षिक सत्र २०८० बाट पठनपाठन हुने छ । पाठ्यक्रमअनुरुपको पाठ्यपुस्तकको निर्माण पाठ्यपुस्तक लेखनमा रहेका अनुभवी विशेषज्ञलाई जिम्मा दिई यसै शैक्षिक सत्रभित्र पूरा गरिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थानीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

## ३. पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

**अनुसूची**

## अनुसूची १

## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

### (क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

कक्षा : १-३

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

कक्षा : ४-८

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| **जम्मा** | | **५०** |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

**निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह<br>(Knowledge Level) | बोध तह<br>(Understanding Level) | उच्च तह<br>(Higher Abilities) |
|---|---|---|
| ४० % | ४० % | २० % |

कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| म र मेरो बुद्धभूमि | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ५ | १० |
| हाम्रो संस्कार र संस्कृति | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| हाम्रो नैतिक मुल्य मान्यता र सदाचार | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ४ | ६ |
| वातावरण संरक्षण र विपद् व्यवस्थापन | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| स्वास्थ, पोषण, सरसफाइ र खेलकुद | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ४ | ६ |
| पेसा, व्यवसाय, पर्यटन आयआर्जन र प्रविधि | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| मेरो भविष्य | ३ | १ | ३ | १ | २ | २ | - | - | - | ४ | ५ |
| जम्मा | १२ | १ | १२ | १० | २ | २० | ६ | ३ | १८ | २९ | ५० |

**नोट :**

१. प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन् ।

३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्नेछ ।

# अनुसूची २

# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

## विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | क्रियाकलापको योजना निर्माण | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न,  श्रव्य तथा दृष्य सामग्री, |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |

## विद्यार्थी उपलब्धि स्तरको व्याख्या

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

**निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण**

| क्र.स. | मूल्याङ्कन आधार/सूचक | उच्च | राम्रो | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २. | समूह निर्माण तथा समूहमा सहभागीता | ४ | ३ | २ | १ |
| ३. | क्रियाकलापको योजना निर्माण | ४ | ३ | २ | १ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ४ | ३ | २ | १ |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | ४ | ३ | २ | १ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ४ | ३ | २ | १ |
| | **जम्मा** | **२४** | **१८** | **१२** | **६** |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरुको प्रयोग गर्नुपर्दछ ।

**उपलब्धि स्तर प्रतिशत निकाल्ने तरिकाः**

$$\text{उपलब्धि प्रतिशत सूत्र} = \frac{\text{विद्यार्थीले पाएको जम्मा स्तर सङ्ख्या} \times १००}{\text{जम्मा पढाई भएको पाठ सङ्ख्या} \times \text{जम्मा उच्च स्तर (२४)}}$$

उदाहरणको लागि, कक्षामा पहिलो त्रैमासिक सम्ममा पढाई भएको पाठ सङ्ख्या = ४

कुनै विद्यार्थीले उक्त विषयमा सबै पाठमा गरी प्राप्त गरेको जम्मा स्तर मापन सङ्ख्या = ९०

$$\text{सूत्रअनुसार, उपलब्धि स्तर प्रतिशत} = \frac{९० \times १००}{४ \times २४}$$

$$= ९३.७५ \text{ प्रतिशत}$$

# अनुसूची ३

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमूना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..................................................................

ठेगाना :........................................... विद्यार्थीको नाम :..........................................

जन्म मिति : ........................................................कक्षा/रोल न.. :....................

विद्यार्थीको घरको ठेगाना : ...........................................................................

परिवारिक विवरण : आमाको नाम : .......................................पेसा : ...........................

सम्पर्क नं. : .......................... बाबुको नाम : .................................................................

पेसा : ........................... सम्पर्क नं. : ...........................

बाबुआमाबाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : ........................... विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : .............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मितिः**............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :.............

कुनै विशेष रोग वा शारिरीक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ............................................................ शिक्षकको नाम र सही : .................................... मिति : ...............

## निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना

कक्षा :........... विषय :......................... विद्यार्थीको नाम :........................................रोल नं. :........

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाई पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिकाइ उपलब्धि स्तर | | सिकाइ उपलब्धि स्तर | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरुको सिकाइ उपलब्धि/सक्षमता पाठ्यक्रमले दिए अनुसार लेख्नुपर्दछ । मूल्याङ्कनका आधार/सूचकहरु अनुसूची ४ मा दिएबमोजिम राख्न सकिन्छ । कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ । सिकाइ उपलब्धि स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धि सामान्य भन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा संचालन गरी, पुनः सिकाइ उपलब्धि स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नुपर्दछ । प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारमका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धि स्तर/श्रेणी निर्धारण गरी अभिभावकसमेतको सहभागितामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ । कक्षामा उपस्थिति रेकर्ड दैनिक हाजिर कापीबाट लिन सकिन्छ ।

## सन्दर्भ सामग्री


- *नेपालको संविधान,* २०७२, काठमाडौं: नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौं: नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारुप,* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित),* २०७६, भक्तपुर :  पाठ्यक्रम विकास केन्द्र, सानोठिमी,